# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/७७
च.नं.:- १०१०


(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)

मितिः२०७६/०७/२७

प्रेस विज्ञप्ती

भरतपुर महानगरपालिका वडा नं १० मा मुख्य कार्यालय भई संचालनमा रहेको मुना बचत तथा ऋण सहकारी संस्था यस कालिका नगरपालिका वडा नं. ६ मा सेवा कार्यालय खोली संचालन गरेको विषयलाई लिएर नगरप्रमुख र वडाध्यक्षको तेजोवध गरी चरित्र हत्या गर्ने दुरासययुक्त सोँचबाट केही अनलाइन सञ्चारमाध्यमबाट भ्रामक र तथ्यहीन समाचार लेखिएको र सामाजिक सञ्जालहरुमा अवाञ्छित रुपले पोष्ट गर्ने र अमर्यादित रुपमा टिप्पणी लेखिएको प्रति ध्यान आकर्षण भएको छ। उक्त सहकारी संस्थाको नियमन सम्बन्धि कार्यक्षेत्र प्रदेश अन्तर्गत रहेको तथा स्थानिय सरकार संचालन ऐन-२०७४ दफा ५८ र अन्तर सरकारी वित्त व्याबस्थापन ऐन-२०७४ वमोजिम व्याबसाय करको अधिकार एकल रुपमा स्थानीय तहलाई भएको तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहबाट गर्ने सिफारिस लगायतका ढाँचा र कार्यविधि बमोजिम यस नगरपालिकाको वडा नं.६ को कार्यालयबाट ब्याबसाय दर्ता गर्न सकिने कानुनी प्राबधान बमोजिम ब्याबसाय दर्ता गरिएको हो।सहकारी संचालनको अनुमती दिदाँ एक भन्दा बढि स्थानिय तहमा कार्यक्षेत्र रहेका सहकारीको दर्ता,खारेजी,नविकरण लगायतका काम नगरपालिकाको कार्यक्षेत्रमा नरहेको प्रति नगरपालिका सचेत रहेको छ। उक्त सहकारी सञ्चालनमा नगरप्रमुखले संरक्षण दिएको भन्ने जस्ता भ्रामक र तथ्यहीन समाचारहरुबाट भ्रमित नहुन साथै यस्ता दुरायसयुक्त मानसिकताबाट भ्रम सिर्जना गर्नेप्रति सजग रहन सम्पूर्ण नगरबासीहरुमा अनुरोध गर्दछु । तथ्यहीन र भ्रामक समाचार सम्प्रेषण गरेर स्थानीय जनप्रतिनिधीहरुको मान मर्दन गर्नेहरुलाई समेत यस्ता भ्रामक र तथ्यहीन समाचार सम्प्रेण नगर्न र प्रेस आचारसंहिता भित्र रही प्रेसको व्यवसायिक गुणहरुलाई नभुल्न समेत अनुरोध गर्दछु ।

खुमनारायण श्रेष्ठ

नगर प्रमुख

# कालिका नगरपालिका

६...नं. वडा कार्यालय

खोलेसिमल......, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं.:- ०७६/०७७

च.नं.:- ६०१

मिति:२०७६/०७/२७

(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन ।)

प्रेस विज्ञप्ती

भरतपुर महानगरपालिका वडा नं १० मा मुख्य कार्यालय भई संचालनमा रहेको मुना बचत तथा ऋण सहकारी संस्था यस कालिका नगरपालिका वडा नं. ६ मा सेवा कार्यालय खोली संचालन गरेको विषयलाई लिएर वडाध्यक्षको तेजोवध गरी चरित्र हत्या गर्ने दुरासययुक्त सौंचबाट केही अनलाइन सञ्चारमाध्यमबाट भ्रामक र तथ्यहीन समाचार लेखिएको र सामाजिक सञ्जालहरुमा अवाञ्छित रुपले पोष्ट गर्ने र अमर्यादित रुपमा टिप्पणी लेखिएको प्रति ध्यान आकर्षण भएको छ। उक्त सहकारी संस्थाको कार्यक्षेत्र प्रदेश अन्तर्गत रहेको र स्थानीय सरकार संचालन ऐन-२०७४ दफा ५८ र अन्तर सरकारी वित्त व्याबस्थापन ऐन-२०७४ वमोजिम व्याबसाय करको अधिकार एकल रुपमा स्थानिय तहलाई भएकोले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहबाट गर्ने सिफारिस लगायतका ढाँचा र कार्यविधि बमोजिम वडा कार्यालयबाट ब्याबसाय दर्ता गर्न सकिने कानुनी प्राबधान बमोजिम ब्याबसाय दर्ता गरिएको हो। सहकारी संचालनको अनुमति दिदाँ एक भन्दा बढि स्थानिय तहमा कार्यक्षेत्र रहेका सहकारीको दर्ता,खारेजी,नविकरण लगायतका काम नगरपालिकाको कार्यक्षेत्रमा नरहेको प्रति नगरपालिका सचेत रहेको छ। उक्त सहकारी सञ्चालनमा पैसा लिएको र संरक्षण दिएको भन्ने जस्ता भ्रामक र तथ्यहीन समाचारहरुबाट भ्रमित नहुन साथै यस्ता दुरायसयुक्त मानसिकताबाट भ्रम सिर्जना गर्नेप्रति सजग रहन सम्पूर्ण वडाबासीहरुमा अनुरोध गर्दछु । तथ्यहीन र भ्रामक समाचार सम्प्रेषण गरेर स्थानीय जनप्रतिनिधीहरुको मान मर्दन गर्नेहरुलाई समेत यस्ता भ्रामक र तथ्यहीन समाचार सम्प्रेण नगर्न र प्रेस आचारसंहिता भित्र रही प्रेसको व्यवसायिक गुणहरुलाई नभुल्न समेत अनुरोध गर्दछु ।

२०७६/०७/२६

बिनोद रेग्मी

वडा अध्यक्ष

**वडा अध्यक्ष**

कालिका नगरपालिका वडा नं. ६